# संरक्षित स्मारक क्षेत्रको अवधारणा, परिचय र महत्त्व

–साफल्य अमात्य

समाजमा राजनैतिक र आर्थिक परिवर्तनको साथ-साथै वास्तुकलात्मक वातावरण (Architectural or Visual Environment) मा पनि परिवर्तनहरू आउँदछन् । तर के समाजमा आर्थिक एवं राजनैतिक परिवर्तनहरू आयो भन्दैमा सांस्कृतिक वातावरणमा असन्तुलन, वास्तुकलात्मक सम्पदाहरूमा विरूपता आउनु पर्दछ भन्ने जरूरी छ ? के मौलिकताले भरिपूर्ण स्थानीय, भौगोलिक र सामाजिक परिस्थितिसंग मेल खाने वास्तुकलात्मक वातावरणमा परिवर्तनहरू आउनु जरूरी छ ? के प्राचीन शहरहरूभित्र प्राचीन वास्तुकलात्मक घरहरू भत्काई, ती घरहरू बीच भएका सानातिना खाली ठाउँहरूमा नै ठूल–ठूला, अग्ला–अग्ला सिमेन्टका आधुनिक घरहरू बनाउनु जरूरी छ ? के ती आधुनिक घरहरू प्राचीन शहरभन्दा अलि टाढा खुल्ला बस्तीहरू जग्गामा बन्न सक्दैनन् ? के काठमाडौं उपत्यकाका अति सुन्दर प्राचीन कलात्मक शहरहरूभित्र नै अनमेल, छाँटकाँट नमिलेका नयाँ घरहरू र बस्तीहरू बनिनु जरूरी छ ? के पर्यटनबाट आर्थिक लाभ हुन्छ भन्दैमा यसको विकासको लागि र यसको प्रवर्द्धनको लागि प्राचीन शहरलाई आधुनिकीकरण गर्न जरूरी छ ? के पर्यटकहरूको सुविधाको लागि स्थानीय संस्कृति र प्राकृतिक बनावटलाई नै तोडमोड गर्नु आवश्यक छ ?

यी सबै प्रश्नहरूको जवाफ हो– होइन र त्यो कुनै हालतमा पनि आवश्यक छैन । विकासको मतलब वास्तुकलाको वातावरणलाई बिथोली नयाँ तथा अनमेल वातावरणको सृजना गर्ने होइन । बल्की विकास प्रक्रियाको लागि सांस्कृतिक तथा ऐतिहासिक वातावरण र प्राकृतिक सौन्दर्यसंग साँठगाँठ बाँधी संगसंगै अघि बढ्नु नै हो । कुनै पनि राष्ट्र र समुदायको पहिचान यदि त्यस राष्ट्रको संस्कृतिले गर्दछ भने त्यो राष्ट्र र समुदायलाई संरक्षण र सुरक्षाको अनुभूति त्यस राष्ट्रको वास्तुकलात्मक एवं प्राकृतिक वातावरणले दिन्छ । यदि हामीले हाम्रो वास्तुकलात्मक एवं प्राकृतिक वातावरणलाई सन्तुलन राख्न सक्यौं भने हाम्रो संस्कृति फष्टाउनेछ, फल्नेछ, फुल्नेछ । त्यसको लागि सर्वप्रथम हामीले हाम्रो Physical Environment वास्तुकलात्मक एवं प्राकृतिक वातावरणलाई अक्षुण्ण राख्ने र शिक्षा र सञ्चारको माध्यमबाट यसको आवश्यकताबारे जनमानसमा चेतना जगाउने र समाजमा भैरहने आर्थिक एवं भौतिक परिवर्तनहरूको राम्ररी लेखाजोखा गर्ने, Monitoring गर्ने र उचित ढङ्गबाट Steering गर्ने गर्नु पर्दछ ।

काठमाडौं उपत्यका मानव जातिको लागि सृष्टि र प्रकृतिको एउटा ठूलो देन हो । यस उपत्यकाको प्राचीन शहर, घर, स्मारक, मन्दिर, सडक, गल्ली, उकालो, ओरालो, थुम्को, पहाड, डाँडा, पाखा, खेत, बारी, बगैंचा, वन, जङ्गल, हरियाली, जमीन, कांग्ला,

कन्दरा, पोखरी, तलाउ, नदी, नाला सब भएको Physical Environment वास्तुकलात्मक एवं प्राकृतिक वातावरण हुन् । यी सबै हाम्रा पुर्खाको माया, ममताले सयौं वर्षदेखि संरक्षित हुँदै आएका हुन् । यसै क्रममा हाम्रा पुर्खाले आफ्ना घर, मन्दिर, आँगन सबैको राम्रो हेरविचार, समय–समयमा मर्मत–सम्भार र पुनर्निर्माण समेत गुठी र अन्य निकायहरूको माध्यमद्वारा गर्दै आइरहेका पनि थिए । तसर्थ आज र भोलि आउने सन्तति अथवा काठमाडौंका बासिन्दाहरूलाई यी स्मारकहरू तथा यिनीहरूको वातावरणलाई बिथोल्न पर्ने, आघात पुऱ्याउनु पर्ने, विरूप पार्नु पर्ने कुनै अधिकार, कारण र खण्ड पनि छैन् । यदि हामीले हाम्रा पुर्खाहरूले झैं आज यी स्मारकहरूलाई उचित आदर, सत्कार र मान्यता दिन सकेनौं, यिनीहरूको समुचित संरक्षण गर्न सकेनौं भने यिनीहरूको मात्र अनादर, अपहेलना हुने होइन, बल्की हामी काठमाडौंका सम्पूर्ण बासिन्दा, हामी नेपाली सबैको नै अनादर र अपहेलना हुनेछ । हाम्रो भविष्यका सन्ततिको लागि ठूलो श्राप हुनेछ ।

यूनेस्कोको सत्रौं साधारण सभाले सन् १९७२ मा विश्वको सांस्कृतिक एवं प्राकृतिक सम्पदाको संरक्षणको लागि एक कन्भेन्सन (सम्झौता) तयार गरी पारित गरेको छ । उक्त कन्भेन्सनमा नेपालले सन् १९७८ अगष्टमा हस्ताक्षर गरी यसको सहभागी बनेको छ । त्यसको करीब एक वर्षपछि सन् १९७९ को अक्टोबर महीनामा नेपालले आफ्नो राष्ट्रको सर्वोत्तम अन्तर्राष्ट्रिय महत्त्वका सांस्कृतिक सम्पदा स्वरूप रहेका काठमाडौं उपत्यकाका सात वटा विभिन्न स्मारक तथा स्मारक क्षेत्रहरूलाई विश्व सम्पदा सूचीमा समावेश गर्न सफल भएको छ । वर्ल्ड हेरिटेज कन्भेन्सनले कुनै पनि स्मारकहरू, वास्तुकलाका कृतिहरू जुन ऐतिहासिक, कलात्मक र विज्ञानको दृष्टिकोणले अति उच्चकोटीको अन्तर्राष्ट्रिय महत्त्वका छन्, भवनहरूको समूह जुन वास्तुकलाको दृष्टिले वा तिनीहरूको एकरूपताले गर्दा वा प्राकृतिक वातावरण (Landscaping) मा तिनीहरूको विशेष स्थानले गर्दा ऐतिहासिक, कलात्मक तथा वैज्ञानिक दृष्टिकोणले उच्चकोटीका अन्तर्राष्ट्रिय महत्त्वका छन् वा मानव निर्मित वा मानव तथा प्रकृतिले मिलेर निर्माण गरेका तथा पुरातात्त्विक स्थलहरू समेत जुन ऐतिहासिक, सौन्दर्य बोधता, जातित्व तथा नृतत्त्वको दृष्टिकोणले अति उच्चकोटीका एवं महत्त्वपूर्ण छन्, ती स्थलहरूलाई सांस्कृतिक सम्पदा भनी परिभाषित गरेको छ । तसर्थ हाम्रा काठमाडौं उपत्यकाका विश्व सम्पदा सूचीमा समावेश भएका स्मारक तथा स्मारक क्षेत्रहरू कतिको महत्त्वपूर्ण रहेछन् भनी यहाँ भनिरहनु पर्ला जस्तो लाग्दैन । यिनीहरूको संरक्षण भन्नु नै यी स्मारक तथा यस क्षेत्रको वातावरणको संरक्षण हो । सिङ्गो एउटा काष्ठमण्डप र त्यसको चारैतिर नेपाल बैङ्क भवन जस्ता ठूलठूला घरहरूको कल्पना गरौं । दृश्य कस्तो होला ? यसरी नै स्वयम्भूको विशाल स्तूपको चारैतिर नाङ्गो डाँडो । कस्तो होला? यसरी नै पशुपतिको चारैतिर बिरामी, माग्ने, गाई–गोरूको गोबर, फोहर, अनि अनगिन्ती पर्यटक र तीर्थयात्रुहरू । कस्तो होला ? हनुमान् ढोका दरबार, पाटन दरबार र भक्तपुर दरबार अगाडि बनेका विशाल विशाल घरहरू, रोलिङ्ग सटर भएका पसलहरू, अनगिन्ती मोटर, मोटर साइकलहरू, जथाभावी राखेका बिजुलीका खम्बा र तारहरू, बाटो बाटोमा राखिएका नाङ्ले क्यूरियो पसलहरू, दरबार स्क्वायरका मन्दिर पाटी, पौवामा बस्ने माग्नेहरू, मन्दिर वरपरका शौचालयहरू एकै छिन कल्पना गरौं । न त हाम्रा मन्दिरहरूमा पूजाआजा गर्न जाँदा सन्तोष मिल्छ, न त हाम्रा ऐतिहासिक एवं कलात्मक कृतिहरूको अवलोकन गर्न जाँदा हामीलाई आनन्द मिल्छ । तेस्रो सार्क शिखर सम्मेलनको समय धेरै नै वातावरणीय सुधारहरू भए, तर अपशोच त्यो स्थायी हुन सकेन ।

Visual Pollution लाई नै लिउँ । बौद्धको स्तूप केही वर्ष अघिसम्म पशुपति क्षेत्र र चाबहिलबाट प्रष्टै देखिन्थ्यो । तर आज बौद्धको त्यो विशाल स्तूप हेर्न मूल ढोकाबाट भित्र पसेर मात्र हेर्न सकिन्छ । एकैछिन कल्पना गरौं– बौद्धको त्यो विशाल स्तूपको वरपर दुई तल्ले पराले छानाका काँचा ईंटाका स–साना घरहरू कति राम्रा र रमाइला थिए ।

जेहोस्, मानव जातिको सृजनात्मक शक्तिको

उच्चतम अभिव्यक्तिको रूपमा हाम्रा यी स्मारकहरू आज विश्व सामु छन् । आज यी स्मारकहरू हाम्रो मात्र नभै विश्व मानव समुदायकै सम्पत्ति भैसकको छ । यदि हामीले नै यी स्मारकहरूको संरक्षण र सुरक्षा गर्न सकेनौं भने हामीले हाम्रो राष्ट्र र राष्ट्रियताको संरक्षण कसरी गर्न सकौंला । हाम्रा पुर्खाले छाडेर गएका यी अमूल्य सम्पदाको अरूले हैन, हामीले नै कदर गर्नु परेको छ ।

स्मारक तथा स्मारक क्षेत्रहरूमाथि आधुनिकीकरण, जनसंख्या बृद्धि, सामाजिक मान्यताहरूमा ह्रास र परिवर्तन आदिले गर्दा अतिक्रमण र अपहेलना दिनपर दिन बढ्दैछ । स्मारक तथा स्मारक क्षेत्रलाई सुरक्षा तथा संरक्षण प्रदान गरिनु मात्र जरूरी नभै ती क्षेत्रहरूको वातावरणलाई नै स्वच्छ र सन्तुलन बनाइराख्नु पर्दछ । स्मारक नै स्मारक, मन्दिर नै मन्दिरको यो सुन्दर "अलकापुरी कान्तिपुरी नगरी"लाई साँच्चीकै स्वर्ग बनाउने हो भने हाम्रा ती स्मारक तथा स्मारक क्षेत्रहरूमा परिरहेका, आइरहेका विकृतिहरूलाई समयमै हटाउनु पर्दछ, काबुमा राख्नु पर्दछ । स्मारक क्षेत्रहरूको वातावरणलाई स्वच्छ, सुन्दर र वातावरण अनुकूल बनाइराख्नु पर्दछ, नत्रभने भविष्यमा हामी र हाम्रा सन्ततिले यसबाट अपूरणीय क्षति र दुःख भोग्न बाध्य हुनेछौं ।